# बाग्मती

बाग द्वार बाट समुंद्र
तिम्रो अबिरल यात्रा
म पनि यात्रामा छु
गौरि शंकर काख बाट
तिमी जस्तै
कहिले बत्तियको छु
कहिले ताल बने को छु
कहिले गड्गडाँदै,
कहिले मरन च्याँसे बनेर
कहिले छांगा बाट खसेर
कहिले ढुंगा ले चेप्टिएर
किच्चिएर मिच्चिएर
आफ्नो कथा ब्यथा आफै भित्र बोकि
म पनि यात्रामा छु
बोलि रहेछु,चलि रहेछु
छ बेदना,संबेदना
छ आकंक्षा, महत्वकांक्षा□□
मनोबेग,रौद्रपन
इर्श्या र  निरासा
आकाश समाउने रहर
पंच मकार
सबै छ ।

यो पनि थाहा छ
तिम्रो र मेरो गाढा नाता,
आखिर
यो महाभुत
तिमी मा त समाहित हुनेछ,
आज अथवा  भोलि
सुन्य सुन्य मा ।

तिमी मेरो अंतिम बिन्दु
अजम्बरि सत्य,
जानेर पनि
थाहा पाएर पनि
आफ्नै धूनमा छु
आफ्नै रागमा छु
आफ्नै रंगमा छु ।

गौरि शंकर काख मा नयन उदाय
त्रिसुल धारा ले रक्त  र शरीर बनाए
र तिम्रो किनार मा युग बितायँ
बिद्या खोजिमा
तर ज्ञान कहिल्यै खोजिन न बुद्धि
अहिले भने तिमी लाइ सम्झि रहेछु
तिमी लाइ बाडुल्कि लाग्यो कि ?

हे कंचन बाग्मति !
तिम्रै आँगन बाट मौन जुलुस मा बोकिएर
अथवा भूगोल को कुनै कुना बाट
चिठि मा गुँडुल्किएर
तिमी मै आउने छु
एकाकार हुन
कुनै पनि बेला कुनै पनि क्षण !

तिमी कुदेको छौ अरु को मैलो बोकि
उनीहरु कै छि छि दुर दुर सहेर
म भने
आफैलाइ मात्र बोकेर कुदेको छु
भित्र को को सब छोपेको छु
स्नान गरौं ?
डर लाग्छ !
कतै तिमी झन मैली त हुन्नौ ?
तिमी मेरो अंतिम बिन्दु ।
+++++

कपिल अधिकारी
जनवरी 15,2003
ताइपे,ताइवान